# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
# Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था
**प्रधान कार्यालय, बुटवल–१०, कालिकानगर, रुपन्देही**
**फोन:** ०७१-४३८९५१, ४३८९२९, ४३८९५३ **फ्याक्स:** ०७१-४३८९५४
Email: info@gblbs.com.np, URL: www.gblbs.com.np

## लेखापरीक्षण नभएको वित्तीय विवरण

## आर्थिक वर्ष २०७७/७८ (चौथो त्रैमास)

*रकम रु. हजारमा*

| क्र.स. | विवरण | मिति: २०७८ असार मसान्त | मिति: २०७७ चैत मसान्त | मिति: २०७७ असार मसान्त |
|---|---|---|---|---|
| १. | **कुल पुँजी तथा दायित्व** (१.१ देखि १.७ सम्म) | **१६,५६९,५६५** | **१६,५१५,२१०** | **१२,४२८,२५५** |
| १.१ | चुक्ता पुँजी | ९८२,५०० | ९८२,५०० | ९८२,५०० |
| १.२ | जगेडा तथा कोषहरु | ८२३,१५० | ७४९,३७८ | ५१०,६९७ |
| १.३ | ऋणपत्र तथा बण्डहरु | – | – | – |
| १.४ | सापटी | ७,०८७,४५६ | ७,२०२,६४९ | ४,६१३,४२४ |
| १.५ | निक्षेपहरु (क+ख) | ३,७९८,५७९ | ३,९३६,९३३ | ३,५६२,७४३ |
| | क) सदस्य | ३,७९८,५७९ | ३,९३६,९३३ | ३,५६२,७४३ |
| | ख) सर्वसाधारण | – | – | – |
| १.६ | आयकर दायित्व | १५४,१११ | १२२,४९४ | ३१,०९६ |
| १.७ | अन्य दायित्व | ३,७२३,७६९ | ३,५२१,२५६ | २,७२७,७९५ |
| २ | **कुल सम्पति** (२.१ देखि २.७ सम्म) | **१६,५६९,५६५** | **१६,५१५,२१०** | **१२,४२८,२५५** |
| २.१ | नगद तथा बैंक मौज्दात | ७२३,२४९ | ७३२,९२१ | ८५९,७३९ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | – | – |
| २.३ | लगानी | ८०२,०२५ | १,०३२,०२५ | २,०२५ |
| २.४ | कर्जा तथा सापट | १२,६६७,४८९ | १२,५४०,०६३ | १०,२८९,४८८ |
| २.५ | स्थिर सम्पति | २३,७५३ | २८,८३८ | २८,४५८ |
| २.६ | गैर बैकिङ्ग सम्पति | – | – | – |
| २.७ | अन्य सम्पतिहरु | २,३५३,०४९ | २,१८१,३६३ | १,२४८,५४५ |
| ३ | **नाफा नोक्सान हिसाव** | | | – |
| ३.१ | ब्याज आम्दानी | १,८०६,७७७ | १,२६४,९४६ | १,७४९,७६७ |
| ३.२ | ब्याज खर्च | ५६७,२३० | ४०३,३८५ | ७१९,२४६ |
| ***क) खुद ब्याज आम्दानी** (३.१–३.२)* | | **१,२३९,५४७** | **८६१,५६१** | **१,०३०,५२१** |
| ३.३ | कमीशन तथा अन्य सञ्चालन आम्दानी | १८८,१५६ | १५८,२९० | १४०,२०३ |
| ३.४ | सटही घटवढ आम्दानी/नोक्सन (खुद) | – | – | – |
| ***ख) कुल संचालन आम्दानी** (क+३.३+३.४)* | | **१,४२७,७०३** | **१,०१९,८५१** | **१,१७०,७२४** |
| ३.५ | कर्मचारी खर्च | ७०७,३०२ | ४८०,७०१ | ९१७,६६६ |
| ३.६ | अन्य संचालन खर्च | ९८,९१६ | ७४,१६३ | ९३,०४७ |
| ***ग) सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** (ख–३.५–३.६)* | | **६२१,४८५** | **४६४,९८७** | **१६०,०११** |
| ३.७ | सम्भावित नोक्सानी व्यवस्थाहरु | २२०,२८३ | १६७,४३२ | ४१२,७६९ |
| ***घ) सञ्चालन मुनाफा** (ग–३.७)* | | **४०१,२०२** | **२९७,५५५** | **(२५२,७५८)** |
| ३.८ | गैर सञ्चालन आम्दानी/नोक्सान (खुद) | ९३ | ९३ | २८,२५२ |
| ३.९ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १६३,७६० | १५१,४७८ | १४०,०३६ |
| ***ङ) नियमित कारोवारहरुबाट भएको मुनाफा/(खर्च)** (घ+३.८+३.९)* | | **५६५,०५५** | **४४९,१२६** | **(८४,४७०)** |
| ३.१० | असाामान्य कारोवारहरुबाट भएको आम्दानी/नोक्सान (खुद) | १८ | १८ | ९० |
| ***च) बोनस तथा कर अघिको मुनाफा** (३.१०)* | | **५६५,०७३** | **४४९,१४४** | **(८४,३८०)** |
| ३.११ | कर्मचारी बोनस व्यवस्था | ५१,३७० | ४०,८३१ | |
| ३.१२ | आयकर व्यवस्था | १५४,१११ | १२२,४९४ | (३०,९८७) |
| ***छ) खुद नाफा/(नोक्सान)** (च–३.११–३.१२)* | | **३५९,५९२** | **२८५,८१९** | **(५३,३९३)** |
| ४ | अनुपातहरु ९५० | | | |
| ४.१ | पुँजीकोष/जोखिम भारित रकम | ९.१३% | ८.४१% | ८.३८% |
| ४.२ | निष्कृय कर्जा/कुल कर्जा | ३.३५% | ३.२८% | ५.१९% |
| ४.३ | कुल कर्जा बापत जोखिम व्यवस्था/कुल निष्कृय कर्जा | १८८.६४% | १८४.९३% | १३९.३२% |
| ४.४ | Cost of Fund (वित्तीय लागत) | ६.१८% | ६.०८% | ७.१९% |
| ४.५ | Deposit to Credit Ratio (निक्षेपर कर्जा अनुपात) | २९.९९% | ३१.३९% | ३४.६३% |

१. सुपरिवेक्षण गर्ने निकाय तथा वाह्य लेखापरीक्षकले माथिको अपरिष्कृत वित्तीय विवरणमा थप घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ। विगत अवधिको रकमहरुलाई आवश्यकता अनुसार पुर्नसमुहकरण तथा पुर्नवर्गिकरण गरिएको छ।

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसुची १४ (नियम २६ को उपनियम (१) सँग सम्वन्धित)

**१) वित्तीय विवरण**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| | | |
|---|---|---|
| **प्रति शेयर आम्दानी (वार्षिक) : रू.३६.६०** | **मूल्य आम्दानी अनुपात : ३३.४७** | **प्रति शेयर नेटवर्थ : रू. १८३.७८** |
| **प्रति शेयर कूल सम्पत्ति : रू. १,६८६.४७** | **तरलता अनुपात : ६.६४** | **पूँजीकोष अनुपात : ९.१३ प्रतिशत** |

**२) व्यवस्थापकीय विश्लेषण :**

क) यस अवधिमा संस्थाको मौज्दात, आम्दानी तथा तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्वन्धी विवरण : कारोबार बृद्धिसँगै संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ। निक्षेप, कर्जा तथा मुनाफा सम्वन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ।

ख) नयाँ अवसरको पहिचान सहित योजनावद्धरुपमा संस्थाको व्यवसाय बृद्धिका लागि कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन भइरहेको छ।

ग) मुलकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटना, कोभिड-१९ को महामारी लगायतका कारणले यस संस्थामा केही असर परेको भए तापनि संस्थाबाट उपयुक्त रणनीति एवं कार्ययोजना तर्जुमा गरी सुरक्षित ढंगले अघि बढ्ने नीति लिएकोले संस्थाको दैनिक कारोबारमा प्रतिकूल असर परेको छैन।

**३) कानुनी कारवाही सम्वन्धी विवरण :**

क) गत त्रैमासिक अवधिमा संस्थालाई प्रतिवादी बनाई कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छ।

ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४) संगठित संस्थाको शेयर कारोबार सम्वन्धी विश्लेषण :**

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोबार भइरहेको छ। शेयरको मूल्य तथा कारोबार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोबार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्वन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले उपलब्ध गराएको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोबार देहाय बमोजिम रहेको छ :

| | | |
|---|---|---|
| **शेयरको अधिकतम मूल्य : रू.१३७५/–** | **शेयरको न्यूनतम मूल्य : रू.११०५/–** | **शेयरको अन्तिम मूल्य : रू.१२२५/–** |
| **कारोबार भएको कुल दिन : ६५ दिन** | **कारोबार भएको कुल शेयर संख्या : ३०,६३,७०८** | **कारोबार संख्या : ३४,६३६** |

**५) समस्या तथा चुनौति :**

देशमा लघुवित्त वित्तीय संस्थाहरुले शाखा तथा कार्यक्रम विस्तार गर्ने क्रम जारी रहेकोले लघुवित्त क्षेत्र थप प्रतिस्पर्धात्मक एवं चुनौतिपूर्ण बन्दै गएको, कर्जा लगानीमा दोहोरोपना बढेको, कर्जाको व्याजदर घटाउँदै लगिएको तर Cost of Fund मा सोही अनुरुप कमी भई स्थिर दर कायम हुने/नहुने यकिन नभएको, साथै हाल कोभिड–१९ संक्रमणको दोश्रो लहर (Second wave) चलिरहेको र तेश्रो लहर (Third wave) समेत आउने अनुमान गरिएको अवस्थामा नियमित कर्जा लगानी असुलीमा समस्या तथा चुनौतीहरु आउन सक्ने देखिएको छ। यसैगरी कोभिड–१९ को संक्रमण जो खिमले गर्दा हालसम्म पनि संस्थाको व्यवसाय कोभिड-१९ भन्दा अघिकै अवस्थामा सञ्चालन हुन नसकेको, अवस्थामा हाल कोभिड–१९ संक्रमणको दोश्रो लहर (Second wave) चलिरहेकोले यसले संस्थाको व्यवसायमा प्रभाव पारिरहेको छ। यद्यपि यस परिस्थितिबाट संस्थामा पर्न जाने असरलाई न्यूनीकरण गर्दै आगामी दिनमा संस्थाले श्रोतको उचित व्यवस्थापन एवं सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिई संस्थाका काम कारवाहीलाई सुरक्षितसाथ थप चुस्त दुरुस्त बनाई प्रतिस्पर्धात्मक ढंगले कार्य अघि बढाउने र खर्च कटौती गर्दै जाने रणनीति लिइएको छ।

**६) संस्थागत सुशासन :**

यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशनको पूर्णरुपमा पालना गर्नुका साथै संस्थागत सुशासन अभिवृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक कार्य गरिरहेको छ। संस्थाको कार्यक्रम सञ्चालन समेतमा जोखिम कम गरी कारोबारलाई चुस्त, छिटो छरितो, पारदर्शी र सुरक्षित बनाउन सञ्चालक तथा व्यवस्थापन तहबाट विभिन्न नीति नियम तथा निर्देशिकाहरु तयार गरी लागु गरिएको, संस्थाको जोखिम व्यवस्थापन तथा संस्थागत सुशासन सम्वन्धमा लेखाजोखा गर्ने गरिएको छ। नेपाल राष्ट्र बैंकको निरीक्षँण, बाह्य तथा आन्तरिक लेखापरीक्षणको प्रतिवेदनका आधारमा संस्थागत सुशासनलाई अझ सुदृढ बनाउन संस्था कटिबद्ध रहेको छ।

**७) सत्य, तथ्यता सम्वन्धमा कार्यकारी प्रमुखको उदघोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई शुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

**ब्याजदर**

**बचतमा ५–८.५ प्रतिशत र कर्जामा १२.४५–१४.४५ प्रतिशत**